**आकाशवाणी समाचार- नेपाली**

मितिः १ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- वित्त मंत्री निर्मला सीतारामनले आज लोक सभामा वित्त वर्ष 2025-26 को बजट पेश गर्नुहुनेछ।
- भारतको विदेशी मुद्रा भंडार 24 जनवरीको समाप्त सप्ताहमा पांच अरब 57 करोड डॉलर बढेर 629 अरब 55 करोड डॉलर भएको छ।
- केंद्र सरकारले सुशासन (सामाजिक कल्याण, नवाचार, ज्ञान) संशोधन नियम, 2025 को लागि आधार प्रमाणीकरणलाई अधिसूचित गरेको छ।
- **विश्व पुस्तक मेला 2025 आज देखि दिल्लीको भारत मंडपममा शुरू हुनेछ।**
- प्रख्यात पूर्व क्रिकेटर सचिन तेन्दुलकरलाई आज मुम्बईमा बोर्डको वार्षिक उत्सवमा बीसीसीआईको लाइफटाइम अचिभमेन्ट अवार्डद्वारा सम्मानित गरिनेछ।

**<u>केंद्रीय बजट</u>**

वित्त मंत्री निर्मला सीतारामनले आज लोक सभामा वित्त वर्ष 2025-26 को बजट पेश गर्नुहुनेछ। यो नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको दोस्रो बजट हुनेछ। हिज दुवै सदनहरुमा आर्थिक सर्वेक्षण पेश गरिएको थियो। आर्थिक सर्वेक्षणमा देशको आर्थिक स्थितिको झलक प्रस्तुत गरिन्छ।

****** ० ******

<u>विदेशी मुद्रा भंडार</u>

भारतको विदेशी मुद्रा भंडार 24 जनवरीको समाप्त सप्ताहमा पांच अरब 57 करोड डॉलर बढेर 629 अरब 55 करोड डॉलर भएको छ। रिजर्व बैंकको आंकडा अनुसार 17 जनवरीको समाप्त सप्ताहमा विदेशी मुद्रा भंडार 1 अरब 80 करोड़ डॉलर घटेर 623 अरब 98 करोड़ डॉलर भएको छ। 24 जनवरीको समाप्ती तिमाहीमा विदेशी मुद्रा भंडारमा वृद्धि मुख्यत: विदेशी मुद्रा परिसम्पत्तिमा वृद्धिको कारण भएको छ , र यो 4 अरब 75 करोड डॉलर बढेर 537 अरब 89 करोड़ डॉलर भएको छ। यस अतिरिक्त देशको स्वर्ण मुद्रा भंडार 70 करोड़ 40 लाख डॉलर बढेर 69 अरब 65 करोड़ डॉलर भएको छ।

****** ० ******

<u>विदेश मंत्रालय - पीएम अमरीका यात्रा</u>

विदेश मंत्रालयले भनेको छ कि भारत-अमरीका व्यापक वैश्विक रणनीतिक साझेदारीलाई अझ प्रगाढ बनाउन प्रधानमंत्री नरेंद्र मोदी चाडै अमरीका जानुहुनेछ। हिज नयाँ दिल्लीमा विदेश मंत्रालयका प्रवक्ता रणधीर जायसवालले भन्नुभयो कि यात्राको तारीखहरु बारे घोषणा उचित समयमा गरिनेछ। मुंबई आतंकी हमलाको आरोपिहरुलाई चाडै भारत प्रत्यर्पण गर्नको लागि दुवै पक्षले प्रक्रिया सम्बन्धि मुद्दाहरु माथि कार्य गरिरहेको उहाले बताउनुभयो। ब्रिक्स देशहरु बीच डॉलर रहित व्यापारको मुद्दाबारे प्रवक्ताले भन्नुभयो कि ब्रिक्सले, आम सहमति पछि निर्णय लिने गर्दछ अनि विदेश मंत्री डॉ. एस. जयशंकरले अघिबाटै स्पष्ट गरिसक्नु भएको छ कि भारतको यस्तो कुनै रणनीति छैन। अवैध प्रवासिहरुको मुद्दा माथि , प्रवक्ताले भन्नुभयो - भारतले अवैध प्रवासनको दृढ़तासित विरोध गर्दछ , किनभने यो संगठित अपराधको अन्य रूपहरु सित पनि जोडिएको छ। ईरानमा लापता भएका तीन भारतीय नागरिकहरु बारे श्री जायसवालले भन्नुभयो कि मंत्रालय लापता व्यक्तिहरुका परिवार सित नियमित संपर्कमा छ। यो मामला दिल्ली स्थित ईरानी दूतावास अनि तेहरानमा ईरानी विदेश मंत्रालय समक्ष उठाईको छ।

****** ० ******

<u>केंद्र- आधार</u>

केंद्र सरकारले सुशासन (सामाजिक कल्याण, नवाचार, ज्ञान) संशोधन नियम, 2025 को लागि आधार प्रमाणीकरणलाई

अधिसूचित गरेको छ। इलेक्ट्रॉनिक्स अनि आईटी मंत्रालयले भनेको छ कि जनहितमा विभिन्न सेवाहरु प्रदान गर्नको लागि आधार प्रमाणीकरणलाई सरकारी अनि निजी संस्थाहरु सम्म विस्तारित गरिएको छ। संशोधित नियमहरु बाट मनिसहरुले ई-कॉमर्स, यात्रा, पर्यटन, आतिथ्य अनि स्वास्थ्य सेवाहरु सित सम्बन्धित बिभिन्न नयाँ सेवाहरुको निर्बाध रूपमा लाभ उठाउन सक्नेछन्। यसले जीवन अनि आजीविकामा सुगमता बढ्नेछ।

****** ० ******

**उपराष्ट्रपति एवं राजनयिक**

उपराष्ट्रपति जगदीप धनखड़ले आज प्रयागराजमा आयोजित महाकुंभमा आस्थाको डुबकी लगाउनु हुनेछ। हाम्रा संवाददाताले बताए अनुसार भव्य अनि दिव्य महाकुंभले विश्व भरिकै मानिसहरुको ध्यान आकर्षित गरिरहेको छ। विभिन्न देशहरुका राजनयिक पनि महाकुंभ जानेछन्।

****** ० ******

**दिल्ली - पुलिस कार्रवाई**

दिल्ली विधानसभा चुनावलाई ध्यानमा राख्दै राजधानीमा लागू आदर्श आचार संहिताको उल्लंघन गरिएको मामलाहरुमा दिल्ली पुलिसले अहिले सम्म 916 मामलाहरु दर्ता गरेको छ। पुलिसले 426 गैर लाईसेंस हथियारहरु अनि 437 अवैध कारतूस जफत गरेको छ। पुलिसका अनुसार, लगभग **99 हजार** लीटर भन्दा अधिक मदिरा, लगभग **75 करोड़ रुपियाँ भन्दा** अधिकको लगभग 1**66 किलोग्राम** मादक पदार्थ अनि **10 करोड़ 10 लाख भन्दा** अधिक नकद फेला परिएको छ। पुलिसले बताए अनुसार बिगत 7 जनवरी देखि अहिले सम्म **29 हजार भन्दा** अधिक मानिसहरुलाई साबधानी अपनाउदै तथा आबकारी कानूनको प्रावधानहरु अंतर्गत पक्राउ गरिएको छ। दिल्लीमा स्वतंत्र, निष्पक्ष अनि शांतिपूर्ण विधानसभा चुनाव सुनिश्चित गर्न पुलिस द्वारा राजधानीको विभिन्न भागहरुमा विशेष छापा मारी अभियान चलान्दै छ।

****** ० ******

**विश्‍व पुस्तक मेला**

विश्व पुस्तक मेला 2025 आज देखि दिल्लीको भारत मंडपममा शुरू हुनेछ। यस वर्ष मेलाको थीम 'हम भारत के लोग' रहेको छ, जसले भारत गणराज्यको 75 वर्ष पुरा भएको उत्सवलाई विशिष्ट रूपले दर्शाउने छ। 9 दिवसीय यस मेलाको उद्घाटन राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुहुनेछ। आकाशवाणी समाचार सित कुराकानीमा राष्ट्रीय पुस्तक न्यासका निदेशक युवराज मलिकले भन्नुभयो कि यस वर्षको पुस्तक मेलामा रूसी साहित्य, आकर्षणको केंद्र रहनेछ। मेलामा फ्रांस, अर्जेंटीना, स्पेन, कोलम्बिया, अबूधाबी अनि कतर लगाएत लगभग 50 देश सामेल हुनेछन्। मेलामा लगभग 2 हजार प्रकाशक अनि एक हजार वक्ता सामेल हुनेछन्।

****** ० ******

**भारत - रामसार स्थलहरू**

केन्द्रले चार नयाँ रामसार स्थलहरू थप्ने घोषणा गरेको छ। यससँगै रामसार स्थलहरूको कुल संख्या ८९ पुगेको छ। पर्यावरण, वन अनि जलवायु परिवर्तन मंत्रालयले सोशल मीडिया पोस्टमा भनेको छ कि विश्व आर्द्रभूमि दिवसको पूर्वसन्ध्यामा, सरकारले तमिलनाडुको सक्करकोट्टई पक्षी अभयारण्य र थेरथांगल पक्षी अभयारण्य, सिक्किमको खेचोपलरी आर्द्रभूमि र झारखण्डको उधवा झिललाई देशको रामसार स्थलहरूको सूचीमा थपेको छ| पर्यावरण मन्त्री भूपेन्द्र यादवले भन्नुभयो- भारत् एसियामा सबैभन्दा धेरै रामसार स्थलहरू रहेको देश हो अनि विश्वमा तेस्रो स्थानमा रहेको छ | उहाले २० वटा रामसार स्थलहरू सहित सबैभन्दा धेरै संख्यामा रामसार स्थलहरू भएको राज्य बनेकोमा तमिलनाडुलाई बधाई दिनु भयो।

****** ० ******

**नेपाल-नेशनल असेंबली**

नेपालका प्रधानमंत्री **के पी शर्मा ओली ले चलिरहेको** विकास प्रयासहरुमा प्रगतिको दावी गर्नुभएको छ। प्रतिनिधि सभाको शीतकालीन सत्रलाई हिज संबोधित गर्नुहुदै उहाले भन्नुभयो कि देशलाई समृद्ध बनाउनको लागि शुरू गरिएको परियोजनाहरु सफलतापूर्वक पूरा गर्नु, सरकारको लक्क्षहरु मद्धे एक हो। **सिद्धबाबा सुरुंगलाई** एक महत्वपूर्ण उपलब्धि बताउदै श्री

ओलीले भन्नुभयो कि यस परियोजनाले बुनियादी ढांचाको स्थिरतालाई बढ़ाउनको साथै यात्रिहरुको समस्या कम्ति गर्नमा सहयोग पुर्याउनेछ । उहाले **काठमांडू-तराई मधेश एक्सप्रेस-वे को हिस्स ,मकवानपुरमा ढेद्रे सुरंग अनि** राष्ट्रीय गौरव **जोगबनी-किमाथंका परियोजनाको** प्रगतिको पनि उल्लेख गर्नुभयो ।

****** ० ******

## अमरीका-शुल्क

अमरीकामा राष्ट्रपति कार्यालयले यस कुराको पुष्टि गरेको छ कि डॉनल्ड ट्रम्प प्रशासनले चीन, कनाडा अनि मैक्सिको सहित अमरीकाका अन्य प्रमुख व्यापार भागीदारहरु माथि भारी शुल्क लगाउने छ । व्हाइट हाउसका प्रेस सचिव कैरोलिन लीविटले बताउनु भए अनुसार मैक्सिकोले अब कनाडा माथि 25 प्रतिशत जबकि चीन माथि 10 प्रतिशत शुल्क लगाईने छ । यो शुल्क अमरीकामा गैर-कानूनी ढंगले फेंटानिलको वितरणको आरोपमा लगाईएको हो । अमरीकामा फेंटानिलले हजारो मानिसहरुको मृतु भएको छ ।डॉनल्ड ट्रम्पले अघि बाटै स्पस्ट गर्नुभएको छ कि कनाडा अनि मैक्सिकोलाई दस्तावेज बिनै अमरीकामा आईरहेका प्रवासिहरु अनि अवैध औसधीहरुमाथि रोक लगाउनु आवश्यक छ ।

****** ० ******

## सचिन - लाइफटाइम अचिभमेन्ट अवार्ड

प्रख्यात पूर्व क्रिकेटर सचिन तेन्दुलकरलाई आज मुम्बईमा बोर्डको वार्षिक उत्सवमा बीसीसीआईको लाइफटाइम अचिभमेन्ट अवार्डद्वारा सम्मानित गरिनेछ। तेन्दुलकर भारतका पहिलो क्रिकेट कप्तान कर्नल सी.के. नायडुको सम्मानमा 1994 मा स्थापना गरिएको प्रतिष्ठित पुरस्कारको 31औं प्राप्तकर्ता बन्नु हुनेछ। भारतका लागि अविश्वसनीय छ सय चौसाड (664) अन्तर्राष्ट्रिय खेल खेल्ने 51 वर्षीय तेन्दुलकरले क्रिकेट इतिहासमा सबैभन्दा धेरै टेस्ट र ओ डी आइको रेकर्ड राख्नु भएको छ । उहाँ भारतको बर्ष 2011 को विश्वकप विजेता टोलीका एक महत्वपूर्ण सदस्य हुनु हुन्थ्यो ।

****** ० ******

## श्रीलंका सवारी साधन आयात

श्रीलंकाले कार आयातमा लगाइएको प्रतिबन्ध खुकुलो पार्न राजपत्र जारी गरेको छ। यसले गम्भीर आर्थिक संकटपछि श्रीलंका बिस्तारै सामान्य अवस्थामा फर्किरहेको संकेत गर्छ। अधिसूचनामा फरवरी १ देखि निजी सवारी साधनको लागि सीमा - आयात शुल्कमा ५० प्रतिशत अधिभार लगाउने कुरा उल्लेख छ।

****** ० ******